# होर्मुज अवरोधले खाडी क्षेत्रमा महँगी चर्कियो



■ एजेन्सी

दुबई । मध्यपूर्वमा जारी युद्धका कारण रणनीतिक स्ट्रेट अफ होर्मुज अवरुद्ध भएपछि खाडी मुलुकहरूको खाद्य आपूर्ति प्रणालीमा गम्भीर दबाब परेको छ । यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा देखिन थालेको छ । बजारमा वस्तुको अभाव नभए पनि मूल्य तीव्र रूपमा बढ्न थालेपछि दैनिक जीवनयापन महँगिएको छ ।

बहराइनका एक उपभोक्ता महमुद अलीले सुपरमार्केटमा सामान सहजै पाइए पनि पछिल्ला दिनहरूमा केही खाद्य वस्तुको मूल्य उल्लेखनीय रूपमा बढेको बताए । उनका अनुसार विशेष गरी मासुको मूल्य झन्डै दोब्बर भएको छ । खाडीका अधिकांश देशहरूजस्तै बहराइन पनि खाद्य आपूर्तिका लागि आयातमा निर्भर रहेकाले आपूर्ति मार्गमा आएको अवरोधले सिधै मूल्यमा असर पारेको हो ।

फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु भएको इजरायल-अमेरिका आक्रमणपछि क्षेत्रीय द्वन्द्व चर्किंदा होर्मुज जलडमरू हुँदै हुने ढुवानी लगभग ठप्प भएको छ । यसले संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनका प्रमुख बन्दरगाहहरूमा कार्गो प्रशोधन या त स्थगित भएको छ वा उल्लेखनीय रूपमा घटाइएको छ । अर्थशास्त्री फ्रेडरिक स्नाइडरका अनुसार निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण हवाई ढुवानी पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन ।

यस अवस्थाले खाडीका प्रमुख समुद्री प्रवेशद्वारहरू प्रभावहीन बनेका छन् । अबुधाबीका बन्दरगाह, दुबईको जेबेल अली र साउदी अरबको दम्माम जस्ता केन्द्रहरूमा आवागमन अवरुद्धजस्तै भएको छ भने जहाजहरू ओमान तथा स्ट्रेटको दक्षिणतर्फका वैकल्पिक बन्दरगाहतर्फ मोडिएका छन् । साउदी अरेबियाले भने खुला हवाई क्षेत्र र लालसागरका बन्दरगाहमार्फत आफूलाई वैकल्पिक आपूर्ति केन्द्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ ।

ट्राफिक अवरोध समाधान गर्न साउदी अरबले पूर्वी बन्दरगाहबाट डाइभर्ट गरिएका कार्गो व्यवस्थापनका लागि नयाँ रसद मार्ग र सञ्चालन कोरिडोर थप्ने पहल सुरु गरेको जनाएको छ । कतारतर्फ जाने सीमाक्षेत्रमा भारी ट्रकहरूको आवागमन बढेको देखिएको छ, जसले भूमि मार्गको प्रयोग बढ्दै गएको संकेत गर्छ । यद्यपि, सिरिया वा जोर्डन हुँदै भूमध्यसागर जोड्ने स्थलमार्गहरू सीमित, महँगा र अपर्याप्त भएको विज्ञहरूको भनाइ छ ।

विशेष गरी ताजा खाद्य सामग्रीहरू सबैभन्दा बढी प्रभावित भएका छन्, किनकि ती प्रायः एसियाबाट आयात गरिन्छन् र लामो समयसम्म भण्डारण गर्न सकिँदैन । यस्तो अवस्थामा खाडी मुलुकहरूको तयारी फरक-फरक देखिएको छ । साउदी अरेबियासँग लालसागरमार्फत वैकल्पिक पहुँच छ भने संयुक्त अरब इमिरेट्सले ४ देखि ६ महिनासम्म पुग्ने भण्डार रहेको जनाएको छ । सन् २०१७ को नाकाबन्दीपछि कतारले पनि रणनीतिक भण्डारणमा उल्लेखनीय लगानी गरेको थियो ।

तर बहराइन र कुवेतजस्ता देशहरूले भने प्रत्यक्ष प्रभाव महसुस गर्न थालेका छन् । कुवेतमा प्रारम्भिक दिनमै सुपरमार्केटहरूमा भिड बढेपछि सरकारले केही आधारभूत वस्तुको मूल्य नियन्त्रण र अनुदानित मासु आयात स्थगित गर्ने कदम चालेको थियो । कुवेती अधिकारीका अनुसार समग्र मूल्य स्थिर देखिए पनि मासु र माछाको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ, जसको कारण माछा मार्ने गतिविधि रोकिनु र इरान, भारत तथा पाकिस्तानबाट आयात अवरुद्ध हुनु हो ।

निजी क्षेत्रले पनि आपूर्ति व्यवस्थापन गर्न प्रयास गरिरहेको छ । लुलु रिटेल चेनले चाँडै नबिग्रने वस्तुहरूको ४ देखि ६ महिनासम्म पुग्ने भण्डार राखेको र ताजा खाद्य सामग्री ल्याउन विशेष उडान सञ्चालन गरिरहेको जनाएको छ । कम्पनीका अनुसार हालसम्म ३७ वटा चार्टर्ड उडानमार्फत ६ हजार टनभन्दा बढी ताजा सामग्री आयात गरिएको छ र यसबाट उत्पन्न अतिरिक्त लागत तत्काल उपभोक्तामा नथोपारिएको बताइएको छ ।

विश्लेषक स्नाइडरकाअनुसार अहिले मूल्य वृद्धि नियन्त्रणमै देखिए पनि युद्ध लामो समयसम्म जारी रहे आयातित खाद्य सामग्रीको मूल्य अझ बढ्ने ठोस जोखिम रहेको छ । त्यसैले होर्मुज अवरोध केवल सामरिक संकट मात्र नभई खाडी क्षेत्रका लागि खाद्य सुरक्षासँग जोडिएको दीर्घकालीन चुनौतीका रूपमा उभिएको देखिएको छ ।

# इरानी सुरक्षा प्रमुखको हत्या ‘अस्वीकार्य’ : चीन

■ एजेन्सी

बेइजिङ । चीनले बिहीबार इजरायली हवाई आक्रमणमा इरानी राष्ट्रिय सुरक्षा प्रमुख अली लारिजानीको हत्या भएको घटनाको कडा निन्दा गर्दै यसलाई ‘अस्वीकार्य’ ठहर गरेको छ । बेइजिङ इरानको साझेदार भए पनि अमेरिकी सैन्य अड्डा भएका खाडी राज्यहरूमाथि तेहरानले गरेको आक्रमणको पनि आलोचना गरेको छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले पत्रकार सम्मेलनमा भने, ‘हामीले सधैँ अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोगको विरोध गरेका छौँ । इरानी राज्य नेताहरूको हत्या र नागरिक लक्ष्यहरूमा आक्रमण गर्ने कार्यहरू अझ अस्वीकार्य छन् ।’ उनले सम्बन्धित पक्षहरूलाई तत्काल सैन्य कारबाही बन्द गर्न र क्षेत्रीय स्थिति नियन्त्रण बाहिर जानबाट रोक्न आग्रह गरे ।

फेब्रुअरी २८ मा सुरु भएको युद्धका क्रममा सर्वोच्च नेता अली खामेनी र अन्य वरिष्ठ व्यक्तिहरूको मृत्युपछि लारिजानी मारिने सबैभन्दा उच्च प्रोफाइल इरानी अधिकारी हुन् । चीनले यस घटनापछि आफ्ना मध्यपूर्वका विशेष दूत झाई जुनको भ्रमणलाई विशेष महत्त्व दिएको छ । उनले साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत र इजिप्टमा शीर्ष अधिकारीहरूलाई भेटेर युद्धमा मध्यस्थता प्रयास गरिरहेका छन् ।

प्रवक्ता लिनका अनुसार झाईले भ्रमणमा गैर-सैन्य लक्ष्यहरूमा आक्रमण नगर्न र ढुवानी लेनहरूको सुरक्षा सुनिश्चित गर्न जोड दिएका छन् । चीनले बेइजिङबाट जारी कूटनीतिक प्रयासलाई जारी राख्ने बताएको छ र इरान, लेबनान, जोर्डन र इराकमा मानवीय सहायता प्रदान गर्ने निर्णय गरेको छ ।


**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७९।१०।०९ मा दर्ता भएको प्रा.लि.नं. ३०५१७० को सहज सप्लायर्स प्रा.लि. को मिति २०८२।१२।०२ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कुनै पनि कम्पनी, संस्था, फर्म, व्यक्ति वा कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यलयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: कुमार कर्ण, इजाजतपत्र नं. ४६४, ठेगाना : काठमाण्डौं**
**फोन नं. ९८१९७२५२४८**



## Balephi Rural Municipality
### Office of the Municipal Executives
**Balephi, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 19th March, 2026)**

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit necessary experience document as for bid Document.
4. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S.N | Contract ID No. / Description | Bid Security Amount (NRs) | Bid Fee Amount (NRs) | Estimated Amount Without VAT and ps | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/Goods-09/2082-083 Procurement supply and installation of ICT Material | 1,87,000.00 | 3000 | 7462520.00 | 12:00 Hrs. on 19th April 2026 | 13:00 Hrs. on 19 th April 2026 |

**Chief Administrative Officer**



## Thabang Rural Municipality
### Office Of The Rural Municipal Executive
**Thabang, Rolpa**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date of publication: 20-03- 2026 (2082/12/06)**

1. ***Thabang Rural Municipality*** invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S.N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT) | Bid Security Amounts | Price of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | TRM/W/NCB/08/2082-083 | Fabrication of Steel parts and Transportation upto Roadheads for Trail Bridge in Thabang Rural Municipality, Thabang 01, Kherbang-Funtibang, Rolpa | 13,43,592.37 | 35,000.00 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cos t (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Global IME Bank Ltd, Thabang**
   **Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa**
   **Rajaswa Account no.: 28504010000009 ( Ga 1.1 Aantarik Rajaswa Khata Thabang )**
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before **12:00 on 19/03/2026.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 19/03/2026** at the office of ***Thabang Rural Municipality Thabang, Rolpa***.
6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   **Name of the Bank: Global IME Bank Ltd, Thabang**
   **Name of Office: Thabang Rural Municipality, Thabang,**
   **Deposit Account no.: 28504010000003 ( Ga 3.1 Dharauti Khata Thabang )**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**



## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयवाट मिति २०८२/१०/१४ गते राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| ०६/२०८२/०८३ जिन्सी | औषधि खरिद | यसोदा फर्मा ट्रेड प्रा.लि. विराटनगर मोरङ्ग | १७,९५,४३८।३५ ( अक्षरूपी रु. सत्र लाख पन्चानव्वे हजार चार सय अडतिस रुपैयां पैतिस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयवाट मिति २०८२/१०/२२ गते राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः-**

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| ०५/२०८२/०८३ जिन्सी | स्यानिटरी प्याड | जसमिन हाइजिङ्ग प्रोडक्ट टंकी सिनिवारी मोरङ्ग | ८,७७,७२७।५० ( अक्षरूपी रु आठ लाख सतहत्तर हजार सात सय सत्ताइस रुपैयां पचास पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**